*टिप्पणी*

# सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयन र राष्ट्रिय सूचना आयोगको भूमिका

**विनयकुमार कसजू**

नेपालमा परीक्षासम्बन्धी सबै कामकारवाही गोप्य रूपमा गरिने चलन छ । परीक्षार्थीले आफूले लेखेका उत्तरपुस्तिका परीक्षाफल प्रकाशित भएपछि पनि हेर्न पाउँदैन । यसले गर्दा परीक्षामा अनियमितता हुने, परीक्षार्थी मर्कामा पर्ने र परीक्षा संचालन गर्ने निकाय अपारदर्शी र अनुत्तरदायी हुने सम्भावना बढ्न गई सम्पूर्ण शिक्षा प्रणाली नै प्रभावित हुने गरेको देखिन्छ । तर सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन भएपछि बनेको राष्ट्रिय सूचना आयोगले परीक्षा संचालन गर्ने निकायहरूको अभेद्य कोठरीभित्र रहने उत्तरपुस्तिका परीक्षार्थीले हेर्ने र त्यसको प्रतिलिपि पाउने अधिकारलाई स्थापित गरेको छ । साथै सर्वोच्च अदालतले त्यसलाई मान्यता दिएपछि परीक्षा प्रणाली र शिक्षा क्षेत्रलाई सुधार्ने अवसर उपलब्ध भएको छ । सूचनाको हकसम्बन्धी ऐन लागु भएको चार वर्षभित्र यस्ता कतिपय उल्लेखनीय काम भएका छन् जसले गोपनीयताको आडमा संचालन भइरहेका राज्यका महत्त्वपूर्ण निकायहरूलाई पारदर्शी र जिम्मेवार बन्न सघाएको छ ।

लोकतान्त्रिक व्यवस्थालाई बलियो, दिगो र प्रभावकारी बनाउने सूचनाको हकसम्बन्धी व्यवस्था विश्वका ८० भन्दा धेरै मुलुकमा कानुन बनाई लागु भएका छन् । नेपालमा वि.सं. २०६२–२०६३ को जनआन्दोलनपछि मात्र यसका लागि अनकूल वातावरण बनेको हो । ऐनमा व्यवस्था भएबमोजिम सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन, यससम्बन्धी नागरिकको गुनासो सुन्न तथा सूचनाको हकसम्बन्धी मुद्दाको छिनोफानो गर्न राष्ट्रिय सूचना आयोगको गठन

भएको थियो । त्यसको पहिलो प्रमुख आयुक्तका रूपमा चार वर्ष (एक कार्यकाल) काम गर्ने अवसर यो लेखकलाई प्राप्त भयो । प्रस्तुत लेख सूचनाको हकसम्बन्धी ऐनका महत्त्वपूर्ण प्रावधान के कस्ता छन्, नेपालमा यो ऐन कसरी कार्यान्वयन भइरहेको छ र राष्ट्रिय सूचना आयोगले आफ्नो पहिलो चार वर्षे कार्यकालमा ऐन लागु गराउन कस्तो भूमिका खेल्यो भन्नेबारेमा केन्द्रित छ । तर नेपालमा सूचनाको हक कार्यान्वयनको अवस्था प्रस्तुत गर्नुअघि यसका सैद्धान्तिक मान्यताबारे केही चर्चा गर्नु आवश्यक छ ।

## सूचनाको हक र यसको सैद्धान्तिक मान्यता

लोकतान्त्रिक व्यवस्थामा जननिर्वाचित विधायिका, विधायिकाप्रति उत्तरदायी कार्यपालिका र स्वतन्त्र न्यायपालिका तथा यी तीन अंगबीच शक्ति सन्तुलन गर्न सक्ने संविधान अनिवार्य हुन्छ । राज्यका सबै अंगले ठीकसँग काम गरिरहेका छन् कि छैनन् भन्ने निगरानी गर्न र ती अंगहरूलाई उत्तरदायी बनाउन र पथभ्रमित हुन नदिन विचार र अभिव्यक्ति स्वतन्त्रता अनिवार्य हुन्छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रताको कार्यान्वयनका लागि स्वतन्त्र प्रेस नभई हुँदैन । विचार तथा अभिव्यक्ति स्वतन्त्रताका साथै प्रेसले स्वतन्त्रतापूर्वक काम गर्नका लागि राज्यका सबै अंगका सूचनाहरूमा आम नागरिकको पहुँच आवश्यक हुन्छ । राज्यका सबै अंगका सूचनामा आम नागरिकको पहुँच हुने व्यवस्था भएको वैधानिक अवस्थामा मात्रै पत्रकारले ती सूचनामा पहुँच पाउँछ । सूचना माग्ने र पाउने सम्बन्धमा पत्रकारको विशिष्ट अधिकार हुँदैन । सूचनाको हकले आम नागरिक र पत्रकारलाई भेद गर्दैन । अन्यत्र पनि यही प्रचलन छ । यसरी राज्यका सबै अंगलाई नागरिकप्रति जिम्मेवार बनाउन र प्रेसलाई स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउन सूचनाको हक अपरिहार्य हुन्छ । सारमा, सूचनाको हकबिना लोकतन्त्र दिगो र स्वस्थ रूपले संचालन हुन सक्तैन । यससम्बन्धमा आर.एस. सरकारिया लेख्छन् :

> अमेरिकाका संविधान निर्मातामध्ये एक तथा चौथो राष्ट्रपति म्याडिसनको रूपकीय शब्दावलीमा, सुसूचित र जागरूक नागरिकबिनाको लोकप्रिय सरकार, 'केवल तल्लोस्तरको हास्य नाटक वा दुःखान्त नाटकको भूमिका वा संभवतः दुवै' बन्न जान्छ । लोकतन्त्रमा स्वतन्त्र प्रेसले प्रमुख भूमिका खेल्छ । यसले जनतालाई सरकारको कामकारवाहीबारे सूचित गर्ने काम मात्रै गर्दैन, सार्वजनिक महत्त्वका विषयको प्रसार र विभिन्न दृष्टिले विश्लेषण गर्छ । साथै यी कुराहरूलाई सरकारसमक्ष

> पुऱ्याउने काम पनि गर्छ । सरकारी सूचनामा स्वतन्त्र पहुँच भएको खण्डमा मात्रै चौथो अंगले यो दुईतर्फी कर्तव्य पालन गर्न सक्छ (सरकारिया सन् १९९१ : १) ।

सन् १९४६ मा संयुक्त राष्ट्रसंघले आफ्नो स्थापनाकालको सुरूका दिनमा एउटा प्रस्ताव पारित गरेको थियो । त्यसमा भनिएको थियो, "सूचनाको हक मानिसको मौलिक अधिकार हो... यो संयुक्त राष्ट्रसंघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार हो ।" सूचना माग्ने, पाउने र फैलाउने अधिकार संयुक्त राष्ट्रसंघको मानवअधिकार घोषणा १९४८ को धारा १९ मा यसप्रकार उल्लेख गरिएको छ, "हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधाविना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनविना सूचना खोज्ने, पाउने र बाँड्ने स्वतन्त्रता पर्छ ।"[१]

लोकतन्त्रमा जनताले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्त्वका र आफूसँग सरोकार भएका सूचना निर्वाध रूपमा पाउनु पर्ने मान्यता विश्वका अधिकांश लोकतान्त्रिक देशका संविधान तथा ऐन कानुनहरूले अंगीकार गरिसकेका छन् । सूचनाको हकसम्बन्धी ऐन तर्जुमा र कार्यान्वयन गर्ने देशहरूको संख्या बढिरहेको छ । भारतीय प्रेस काउन्सिलका पूर्वअध्यक्ष न्यायाधीश आर.एस. सरकारियाको भनाइमा :

> कल्याणकारी राज्यको मान्यताअनुसार राज्य संचालन गर्ने काम सुरू भएपछि राज्यका दायित्वहरू निकै बढेका छन् । यसले गर्दा नागरिकले सरकारले गर्ने कामबारे जान्नुपर्ने आवश्यकता झन् बढेको छ । यसका साथै अन्य विभिन्न कारणहरूले सरकारी कामकाजका सूचनाहरू जनताले जान्न पाउनुपर्ने माग शाश्वत रूपमा बढिरहको छ (सरकारिया सन् १९९१ : १) ।

विश्वका झन्डै आधा देशमा सूचनाको हकसम्बन्धी कानुन लागु भए पनि ती सबैमा यस कानुनको प्रभावकारिता र कार्यान्वयनको अवस्था एकै खालको छैन । कुनैमा नाम मात्रको कानुन छ भने कुनैमा कानुन पालन गर्नुपर्ने निकायहरूको संख्या र प्रकार सीमित छ । कानुन भएका कतिपय देशमा सूचनामा पहुँच तथा सूचना माग्ने र पाउने व्यवस्थामा विभिन्न बाधा व्यवधानहरू खडा गरिएका छन् । सूचनाको हक कार्यान्वयन गराउने स्वतन्त्र निकाय वा आयोगको अधिकार र भूमिकामा पनि विभिन्न देशमा भिन्नता पाइन्छ ।

---

[१] संयुक्त राष्ट्रसंघ, मानवअधिकारको विश्व घोषणा, १९४८ ।

सूचना अधिकारबारे भएका अन्तर्राष्ट्रिय र क्षेत्रीय छलफल तथा विभिन्न देशका प्रचलनहरूका आधारमा जनताको सूचना पाउने अधिकारका सम्बन्धमा बनेका केही ठोस सैद्धान्तिक मान्यताहरू यसप्रकार छन् :

१. सूचनाको हकसम्बन्धी कानुन अधिकतम खुलापनको सिद्धान्तद्वारा निर्देशित हुनुपर्छ ।
२. सार्वजनिक निकायमा रहेका महत्त्वपूर्ण सूचना प्रकाशित गर्नु ती निकायहरूको दायित्व हो ।
३. सार्वजनिक निकायहरूले सक्रियतापूर्वक खुला प्रशासन/सरकारलाई प्रवर्द्धन गर्नुपर्छ ।
४. सूचना सार्वजनिक गर्नु नपर्ने वा अपवादका विषयहरू स्पष्ट किटान हुनुपर्छ र त्यस्ता अपवादहरू सकेसम्म थोरै हुनुपर्छ ।
५. सूचनाको मागमाथि सकेसम्म छिटो र निष्पक्ष/विवेकपूर्वक कार्वाही गर्नुपर्छ । सूचना दिन इन्कार गरिएको विषयमा स्वतन्त्रतापूर्वक सुन्ने/छानबिन गर्ने व्यवस्था हुनुपर्छ ।
६. सूचना माग्ने र पाउने व्यवस्था सरल हुनुपर्छ । सूचना माग्दा धेरै आर्थिक, कानुनी तथा अन्य बाधा व्यवधान खडा गरेर सूचना माग्ने कामलाई दुरूत्साहित गरिनु हुँदैन ।
७. सार्वजनिक निकायका बैठकहरू आम नागरिकका लागि खुला हुनुपर्छ ।
८. अधिकतम खुलापनको सिद्धान्तसँग बाझिने कानुनहरू संशोधन वा खारेज गरिनुपर्छ ।
९. अनियमितता, भ्रष्टाचारको सूचना दिने, शंखघोषकहरूको संरक्षण गरिनुपर्छ ।

सूचनाको हकसम्बन्धी सिद्धान्तहरूको यो सूची विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचना अधिकारका लागि कार्यरत अन्तर्राष्ट्रिय संस्था 'आर्टिकल १९' ले तयार पारेको 'सूचनाको अधिकार कानुनका सिद्धान्तहरू'बाट लिइएका हुन् । सन् २००० मा सूचनाको हक सम्बन्धमा संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदकले सूचनाको हकका सिद्धान्तहरूको यो सूचीलाई आफ्नो प्रतिवेदनमा समावेश गरेर संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोगलाई बुझाएका थिए ।

माथि उल्लेख गरिएका सिद्धान्त/मान्यताहरूमध्ये अधिकांश सैद्धान्तिक मान्यताहरू नेपाललगायत विभिन्न देशका सूचना अधिकार कानुनमा समावेश गरिएका छन् । सूचनाको स्वतन्त्रताको सबैभन्दा लामो परम्परा भएको देश स्विडेनका जनताले सन्

१७६६ देखि सार्वजनिक निकाय र पदमा बसेका व्यक्तिको कामका अभिलेखहरू हेर्न पाइरहेका छन् । सन् १९८१ देखि संसारभरि सरकारमा पारदर्शिताको अवधारणालाई आधार मानेर सूचनाको स्वतन्त्रताप्रति चासो बढेको छ (आर्टिकल १९ सन् २००४) ।

## नेपालमा सूचनाको हक र यससम्बन्धी ऐनको प्रावधान

नेपालमा सूचनाको हकलाई संवैधानिक र कानुनी रूपमा स्थापित गर्न तथा सूचनाको हकसम्बन्धी ऐन निर्माण गर्न अन्तर्राष्ट्रिय अनुबन्धहरू, अदालतको सक्रियता, लोकतान्त्रिक आन्दोलन तथा पत्रकार र नागरिक समाजको आन्दोलनले प्रमुख भूमिका खेलेका थिए । सूचनाको हकबारे जनचेतना फैलाउन, सूचनाको हकसम्बन्धी ऐन मस्यौदा गर्नेदेखि पारित गर्ने चरणसम्म नेपाल पत्रकार महासंघ, नेपाल प्रेस इन्स्टिच्युट, फ्रिडम फोरमलगायत विभिन्न निकाय तथा व्यक्तिहरू साथै नागरिक समाजको प्रयास उल्लेखनीय छ ।

नेपालका राष्ट्रिय कानुनहरूले नेपालद्वारा अनुमोदन वा हस्ताक्षर गरिएका अन्तर्राष्ट्रिय अनुबन्धहरूलाई संविधान तथा कानुनसरह मान्यता दिने व्यवस्था गरेको कारणले पनि सूचनाको हकलाई नेपालले पालन गर्नुपर्ने बाध्यकारी अवस्था छ । त्यसैले अन्तर्राष्ट्रिय अनुबन्धअनुरूप नेपालले प्रचलित ऐन कानुनहरूलाई समयसापेक्ष रूपमा परिमार्जन र संशोधन गर्दै लग्नुपर्ने बाध्यतासमेत छ ।

वि.सं. २०४६-४७ को जनआन्दोलनको फलस्वरूप बनेको नेपाल अधिराज्यको संविधान २०४७ मा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा पहिलोपटक स्थापित गरिएको थियो । वि.सं. २०६२-६३ को जनआन्दोलनको सफलतापछि बनेको नेपालको अन्तरिम संविधान २०६३ ले वि.सं. २०४७ को संविधानले दिएभन्दा पनि फराकिलो गरी सूचनाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्‍यो । वि.सं. २०४७ को संविधानले सार्वजनिक सरोकारका सूचना माग्न पाउने मौलिक अधिकारको व्यवस्था गरेको थियो भने वि.सं. २०६३ को अन्तरिम संविधानले "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ" भनेको छ । अर्थात्, सार्वजनिक निकायमा रहेका आफ्ना व्यक्तिगत सूचना पनि माग्न र पाउन सकिने व्यवस्था नयाँ संविधानमा गरिएको छ । साथै, जनआन्दोलनबाट पुनर्स्थापित व्यवस्थापिका-संसद्ले सूचनाको हकसम्बन्धी ऐन पारित गरेर संविधानले दिएको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्ने कानुनी वातावरण तयार पार्‍यो ।

वि.सं. २०४७ को संविधानमा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरिएपछि सर्वोच्च अदालतबाट सूचनाको हकको पक्षमा महत्त्वपूर्ण

र ऐतिहासिक निर्णयहरू भएका छन् । टनकपुर बाँधसम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसला[२], शाही शासनकालमा एफएम रेडियोहरूमाथि समाचार संकलन र प्रसारण गर्न रोक लगाई निर्देशन दिइएको विरूद्धमा परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले गरेको निर्णय[३] सूचनाको हकको पक्षमा उल्लेखनीय र महत्त्वपूर्ण छन् ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागु भएपछि राष्ट्रिय सूचना आयोगले विद्यार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउनुपर्छ भनी गरेको निर्णयमाथि परेको रिट निवेदनमा सर्वोच्च अदालतबाट राष्ट्रिय सूचना आयोगको निर्णयको पक्षमा भएको आदेशमा गरिएको सूचनाको हकको व्याख्याले सूचनाको हकसम्बन्धी ऐनलाई स्थापित गर्नुका साथै ऐनलाई व्यापक एवं प्रभावकारी बनाउने काममा महत्त्वपूर्ण भूमिका खेलेको छ । आदेशमा अन्तरिम संविधानमा भएको धारा २७ को व्याख्याबाट अन्य प्रचलित ऐनको तुलनामा सूचना माग्ने र पाउने विषयमा सूचनाको हकसम्बन्धी ऐनले प्राथमिकता पाउने कुरालाई मान्यता दिएको स्पष्ट छ । यसबारे तल विस्तारमा चर्चा गरिएको छ ।

वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलनसमेत हिसाब गर्दा झन्डै साठी वर्षको वैधानिक, कानुनी तथा राजनीतिक संघर्षको फलस्वरूप नेपाली नागरिकले सूचनाको हक उपभोग गर्ने कानुनी परिवेश तयार भएको हो ।

---

२ टनकपुर बाँधसम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसलाले नागरिकको सूचना पाउने अधिकारलाई यसरी स्थापित गरेको थियो । फैसलाको अंश :
"संविधानको धारा १६ ले सार्वजनिक महत्त्वको कुनै विषयमा सूचना माग्ने र पाउने अधिकार देशका प्रत्येक नागरिकलाई प्रदान गरेको छ । सरकारबाट गरिने यस्ता सबै काम कारवाहीहरू जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्न सक्तछ, सार्वजनिक महत्त्वका हुन्छन्; यस्ता सार्वजनिक महत्त्वका विषयमा सरकारले अपनाएको नीति र गरेका निर्णय र कामहरूको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कोतिर त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार पनि हो" (सर्वोच्च अदालत बुलेटिन, वर्ष १, अंक ११, पृ. १) ।

३ शाही शासनकालमा एफएम रेडियोहरूले समाचार संकलन गरेर प्रसारण गर्न रोक लगाएको र कार्यक्रमको विषयमा अनुचित निर्देशन दिइएको विरूद्धमा सूचना र अभिव्यक्तिको अधिकारको हनन भएको भनेर परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले सरकारले दिएको निर्देशन बदर गर्दै नागरिकले सूचना पाउने पक्षमा दिएको निर्णयको अंश यस्तो छ :
"......यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्त्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोद्वारा सार्वजनिक महत्त्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अंगको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ" (माधवकुमार बस्नेत विरूद्ध सूचना तथा सञ्चार मन्त्रालय, नेपाल कानुन पत्रिका, २०५८, अंक ७ र ८, पृ. ३९२) ।

सार्वजनिक निकायमा भएका सूचना आम नागरिकले माग्ने र पाउने सम्बन्धमा संविधान र ऐन कानुनअनुसार हाल निम्न अवस्था/परिवेश विद्यमान छ :

## *सूचनाको हकसम्बन्धमा ऐनले गरेका केही महत्त्वपूर्ण परिभाषा र व्यवस्था*

सूचनाको हकसम्बन्धी ऐन २०६४ ले 'सूचना' भन्नाले "सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ" भनेको छ । साथै ऐनको दफा ३० को उपदफा (१) र (२) ले सार्वजनिक निकायमा रहेका सार्वजनिक सूचना मात्रै होइन, नागरिकले आफूसँग सम्बन्धित व्यक्तिगत सूचना पाउने व्यवस्था पनि गरेको छ ।[४] ऐनले सूचनाको हकलाई निम्नअनुसार परिभाषित गरेको छ :

> 'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।

त्यस्तै, ऐनको दफा ३ को उपदफा (१) र (२) ले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेका सूचनामा प्रत्येक नेपाली नागरिकको पहुँच हुने सुनिश्चित गरेको छ । ऐनको दफा २ (क) ले सूचनाको हकसम्बन्धी ऐन पालन गर्न बाध्य निम्नलिखित प्रकारका निकायहरूलाई सार्वजनिक निकाय भनी तोकेको छ :

---

[४] सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३० को उपदफा (१) र (२) को व्यवस्था यस्तो छ :
(१) कुनै व्यक्तिले सार्वजनिक निकायमा वहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भएबमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।
(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ ।

> (१) संविधानअन्तर्गतका निकाय, (२) ऐनद्वारा स्थापित निकाय, (३) नेपाल सरकारद्वारा गठित निकाय, (४) कानुनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान, (५) प्रचलित कानुन बमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन, (६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा संचालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, (७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था, (८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर संचालन भएका गैरसरकारी संघ/संस्थाहरू, (९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था ।

यसरी ऐनले सबै संवैधानिक, सरकारी, राज्यको कोषबाट सहयोग लिने तथा जनताको नाममा सहयोग लिने कानुनद्वारा स्थापित निकायका साथै राजनीतिक दलहरू र विभिन्न स्तरका गैरसरकारी निकायहरूलाई पनि सूचनाको हकसम्बन्धी ऐन परिपालन गर्नुपर्ने निकायको रूपमा तोकेको छ ।

## *राष्ट्रिय सूचना आयोगको व्यवस्था*

सूचनाको हक कार्यान्वयन गराउनका लागि ऐनमा एउटा स्वतन्त्र निकाय 'राष्ट्रिय सूचना आयोग' को व्यवस्था गरिएको छ । आयोगको न्यायिक, अनुगमनकारी र प्रवर्द्धनकारी गरी तीन प्रकारको जिम्मेवारी छ । राष्ट्रिय सूचना आयोगको गठन व्यवस्थापिका-संसदका सभामुखको अध्यक्षतामा सूचना तथा संचारमन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष सदस्य भएको तीन सदस्यीय समितिको सिफारिसमा नेपाल सरकारले गर्छ । आयोगलाई विघटन गर्ने अधिकार पनि संसदसँग मात्रै छ । सूचना माग्ने र पाउने विषयमा सूचनाको हकसम्बन्धी ऐन नै प्रभावकारी हुने व्यवस्था भएको र सूचना उपलब्ध गराउने सम्बन्धमा आयोगको निर्णय नै अन्तिम हुने व्यवस्था भएकाले नेपालमा सूचनाको हक कार्यान्वयन गर्ने कानुनी वातावरण कतिपय लोकतान्त्रिक मुलुकको भन्दा बढी अनुकूल छ । ऐनले राष्ट्रिय सूचना आयोगको निम्न भूमिका तोकेको छ :

*न्यायिक भूमिका :* कुनै पनि सार्वजनिक निकायले नागरिकलाई सूचना दिएन वा चित्तबुझ्दो तरिकाले दिएन भने नागरिकले आयोगलाई गुहार्न सक्छ । आयोगले सार्वजनिक निकायबाट सूचना दिलाउने काम गर्छ । सूचना उपलब्ध गराउने

विषयमा आयोगको निर्णय अन्तिम हुन्छ । आयोगको निर्णय चित्त नबुझे सर्वोच्च अदालतमा रिट लाग्छ ।[५]

*अनुगमनकारी भूमिका :* आयोगको दोस्रो काम हो सार्वजनिक निकायले नागरिकलाई सूचनामा पहुँच दिए नदिएकोबारे अनुगमन गर्नु । सार्वजनिक निकायहरूमा सूचना सार्वजनिक गर्ने व्यवस्था, सूचना अधिकारीको नियुक्ति तथा सूचना व्यवस्थापनलगायतका काममा आयोगले अनुगमन र निर्देशन गर्छ । सीमित स्रोत र दक्ष मानव संसाधनको कमीले गर्दा आयोगले प्रभावकारी अनुगमन गर्न सकेको छैन । साथै अनुगमनबाट प्राप्त जानकारीका आधारमा आयोगले सरकारलाई दिने गरेको सुझावको कार्यान्वयन पनि शून्यप्रायः छ । फलस्वरूप हरेक वर्षको वार्षिक प्रतिवेदनमा एकै प्रकारका सुझावहरू दोहोऱ्याउनुपर्ने बाध्यता छ ।

*प्रवर्द्धनकारी भूमिका :* आयोगको तेस्रो काम आम नागरिकलाई सूचना अधिकारबारे सचेत गराउनु हो । यसका लागि आयोगले सूचना अधिकारीहरूको तालिम, कार्यालय प्रमुख तथा नागरिक समाजबीच छलफल तथा अन्य सार्वजनिक कार्यक्रम सञ्चालन गर्ने तथा सञ्चारका विभिन्न माध्यमको प्रयोग गर्ने गरेको छ ।

## *राज्यका निकायहरूमा भएका सूचनाको वर्गीकरणको व्यवस्था*

सूचनाका हकसम्बन्धी ऐनमा नेपाल सरकारका सबै निकायमा भएका सूचनामध्ये सार्वजनिक गर्नुपर्ने र सुरक्षित गरी राख्नुपर्ने सूचनाहरूको वर्गीकरण गर्ने र सुरक्षित गरी राख्ने विधि र अवधिको समेत व्यवस्था गरिएको छ ।

## *शंखघोषकको सुरक्षा*

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ ले सूचनादाताको संरक्षण गर्ने व्यवस्था गरेको छ जसअनुसार कुनै सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व बनाइएको छ । यसरी आफ्नो निकायको सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुऱ्याउन नहुने र यदि सूचनादातालाई पदमुक्त गरेको भए

---

[५] हेर्नुहोस्, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ देखि २० सम्म, दफा ३२, ३३, ३४ ।

त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने आयोगले क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्ने व्यवस्था छ । ऐनको यो विशेष व्यवस्था अनियमितता र भ्रष्टाचारलाई लक्षित गरी बनाइएको देखिन्छ । यो दफालाई शंखघोषकको संरक्षण गर्ने कानुन (Whistleblower's Act) पनि भनिन्छ ।[६]

### *सार्वजनिक निकायबाट सूचना सार्वजनिक वा उपलब्ध गराउने व्यवस्था*

ऐनमा सार्वजनिक निकायमा भएका सूचना नागरिकलाई उपलब्ध गराउने दुइटा व्यवस्था छन् । सार्वजनिक निकायहरूले निकायसम्बन्धी विभिन्न प्रकारका सूचना आफैले तीनतीन महिनामा विभिन्न संचारमाध्यमबाट सार्वजनिक गर्नुपर्छ । यदि दिन नमिल्ने सूचना छन् भने त्यस्ता सूचना वर्गीकरण गरेर राख्नुपर्छ । साथै नागरिकले सार्वजनिक महत्त्वका सूचना र सार्वजनिक निकायमा भएका आफूसँग सम्बन्धित सूचना माग्न र पाउन सक्छ । यसरी माग्दा नपाएमा वा चित्त बुझ्दो तरिकाले सूचना नपाएको अवस्थामा नागरिकले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन, निवेदन वा उजुरी गरी सूचना माग्न र पाउन सक्छ ।

### *सूचना अधिकारीको नियुक्ति गर्ने व्यवस्था*

कुनै पनि सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन भए-नभएको थाहा पाउने एउटा मुख्य आधार सूचना अधिकारीको नियुक्ति हो । सबै सार्वजनिक निकायले आफ्ना एक जना कर्मचारीलाई सूचना अधिकारी तोक्नु अनिवार्य छ । यसरी नतोकेको अवस्थामा निकायका प्रमुखले नै सूचना अधिकारीको जिम्मेवारी पनि वहन गर्नुपर्छ ।

## ऐन कार्यान्वयनको पाटो : सूचना मागका विषय र प्रवृत्ति

नेपालमा सूचनाको हकसम्बन्धी ऐन माग गर्ने, ऐनको मस्यौदा तर्जुमा गर्ने तथा ऐन निर्माणमा सडकदेखि सदनसम्म पत्रकार जगत सक्रिय भएको थियो । यही सक्रियताले गर्दा सूचनाको हक पत्रकारका लागि मात्रै हो कि भन्ने भ्रम पनि परेको थियो । तर अनौठो कुरा ऐन बनेको चार वर्षमा यसको उपयोग पत्रकारले एक प्रतिशत पनि गरेका छैनन् । सार्वजनिक निकायमा सूचना माग्दा नपाएमा वा चित्त बुझ्दो सूचना नपाएको अवस्थामा नागरिकले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन, उजुरी गर्ने व्यवस्था छ । यो व्यवस्थाअनुसार आयोग गठन भएको पहिलो वर्ष अर्थात् आर्थिक

---

[६] सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७, २८ र २९ ।

वर्ष २०६५/०६६ मा १२ ओटा पुनरावेदन, उजुरी परेका थिए । त्यस्तै, आर्थिक वर्ष २०६६/०६७ मा ३९ ओटा; आर्थिक वर्ष २०६७/०६८ मा ४७ ओटा र आर्थिक वर्ष २०६८/०६९ मा १०९ ओटा पुनरावेदन उजुरी परेका थिए ।[७]

आयोगमा परेका पुनरावेदन, उजुरी र निवेदनहरूका सूचना मागका विषयहरूको अध्ययन गर्दा सुरुका दिनहरूमा अधिकांश माग सेवा वा जागिरसम्बन्धी विषय, जस्तै सेवा शर्त, योग्यता, सरुवा, बढुवा, विज्ञापन, पारिश्रमिकका सूचना मागिएको देखिन्छ । त्यस्तै जेलमा परेका र मुद्दा चलिरहेका बन्दीहरूको मुद्दासम्बन्धी सूचना, अदालतमा मुद्दाको कारवाही जस्ता विषयका सूचना पनि माग गरेको देखिन्छ । आर्थिक कारोबार, बजेट, विकास निर्माणका विषयमा सूचना माग गरिएका मुद्दाहरू निकै कम छन् । परीक्षार्थीले उत्तरपुस्तिका हेर्न पाउने भनी आयोगले निर्णय गरेपछि तथा सो निर्णयलाई सर्वोच्च अदालतले मान्यता दिएपछि एसएलसीदेखि विश्वविद्यालयसम्मका परीक्षाका उत्तरपुस्तिका हेर्न पुनरावेदन दिनेहरूको संख्या उल्लेखनीय मात्रामा बढेको देखिन्छ । पछि आएर न्याय क्षेत्रका गतिविधि, सरकारी छानबिन प्रतिवेदन, योजना र बजेट, संस्थान र निगमका कामहरूबारे सूचना माग्दा नदिएकोमा पुनरावेदन, उजुरी पर्न थालेका छन् । यसरी हेर्दा सुरुमा व्यक्तिगत प्रकृतिका सूचना मागका विषयको प्रमुखता देखिन्छ भने बिस्तारै सार्वजनिक महत्त्वका सूचना मागको विषयले महत्त्व पाउन थालेको देखिन्छ ।

राष्ट्रिय सूचना आयोगले आफ्नो पहिलो कार्यकालको चार वर्षमा आयोगमा परेका पुनरावेदन, उजुरी र निवेदनमाथि गरेका निर्णयहरूमध्ये केही निर्णय सूचनाको हक स्थापित गर्ने र राज्यका तीनै निकायबाट मान्यता प्राप्त गर्ने गराउने दृष्टिले विशेष महत्त्वपूर्ण थिए । केही मुद्दाको विषय यसप्रकार छन् :

### *परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउने*

शंकरदेव क्याम्पस, काठमाडौँका विद्यार्थी विजय अर्यालले त्रिभुवन विश्वविद्यालय (त्रिवि) परीक्षा नियन्त्रण कार्यालय (पनिका) बाट आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि नपाएपछि २०६६ साउन ८ मा आयोगमा पुनरावेदन गरेका थिए । आयोगले २०६६ भदौ २९ मा उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउन परीक्षा नियन्त्रण कार्यालयलाई आदेश दिएको थियो । त्रिवि केन्द्रीय परीक्षा समितिले आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा उत्प्रेषणको प्रतिषेधयुक्त आदेश जारी गरी पाऊँ भनी रिट निवेदन दियो । तर यसमा अन्तरिम आदेश जारी भएन । त्यसपछि शंकरदेव

---

[७] राष्ट्रिय सूचना आयोग (२०६८) तथा राष्ट्रिय सूचना आयोगका अभिलेखहरूबाट ।

क्याम्पसकै चार जना विद्यार्थी सोम ढकाल, सन्तोष न्यौपाने, शंकर पौडेल र केशवराज रेग्मीले त्रिवि पनिकासँग आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्दा नपाएपछि २०६६ कात्तिक ७ मा आयोगमा पुनरावेदन दिएका थिए । यसमा पनि आयोगले उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनु भन्ने निर्णय गरेको थियो र त्रिवि पनिकाले २०६६ फागुन २८ मा आयोगको निर्णयविरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो । यी दुवै रिट निवेदनमाथि सर्वोच्च अदालतले २०६८ जेठ ४ मा आयोगको निर्णयको पक्षमा परमादेश जारी गरेको थियो ।[८]

यही निर्णयबाट प्रेरित भएर सूर्योदय ज्योति माध्यमिक विद्यालय, घट्टेकुलो, काठमाडौँका एसएलसी परीक्षाका परीक्षार्थी अशेष न्यौपानेले आफ्नो प्राप्तांक चित्त नबुझेकाले एसएलसी परीक्षा नियन्त्रण कार्यालयसँग आफ्नो उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपी मागेकामा नपाएपछि निजले २०६८ साउन ३ मा आयोगसमक्ष पुनरावेदन दिएका थिए । त्यसमा आयोगले २०६८ भदौ ६ मा उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउन पनिकालाई आदेश दिएको थियो (राष्ट्रिय सूचना आयोग २०६८ : १२५–१२६) । पनिकाले परीक्षासम्बन्धी नियमावलीमा आवश्यक

---

[८] विद्यार्थीले आफ्नो उत्तर पुस्तिका हेर्न पाउने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशमा सूचनाको हकसम्बन्धी ऐनको सर्वोच्च अदालतबाट व्याख्या (आदेश) को अंश :

"धारा २७ को सूचनाको हक सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बनेको हो । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा धारा २७ को मनसाय र भावना झल्केको देखिन्छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावना, धारा २७ को Essence हो । सरकारले गर्ने हरेक काम, हरेक निर्णय र निर्माण गर्ने हरेक नीतिमा सार्वजनिक सरोकार समावेश भएको हुन्छ । त्यसैले ऐनको प्रस्तावनामा सरकारको काम कारवाहीलाई खुला र पारदर्शी बनाउने, सरकारलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउने र सार्वजनिक महत्त्वको विषयको सूचनामा आम नागरिकको पहुँच सरल र सहज बनाउने उद्देश्यले उक्त ऐन बनेको देखिन्छ । ऐनको प्रस्तावना हेर्दा बृहत्तर राष्ट्रिय हितमा प्रतिकूल असर पार्ने संवेदनशील विषयहरूमा बाहेक सरकारको अन्य काम कारवाहीमा सरकार उदार पारदर्शी भएर सरल तरिकाले नागरिकलाई सूचित गर्नुपर्ने स्पष्ट व्यवस्था भएको देखिन्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा बाहेक अन्य विषयमा सूचना उपलब्ध गराउने व्यवस्था दफा ३ बाट देखिन्छ भने दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका व्यवस्था धारा २७ को हकमा Reasonable restriction मान्न पर्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा नागरिकको पहुँच नहुने दफा ३ मा स्पष्ट हुँदाहुँदै सोबाहेक अन्य विषयमा सूचना माग्ने हक प्रत्येक नागरिकमा सुरक्षित छ र यदि अन्य विषयमा सरकारले नागरिकलाई सूचना प्रदान गर्न इन्कार गर्छ भने त्यस्तो विषय यस अदालतको धारा १०७(२) अन्तर्गत न्यायिक पुनरावलोकन गर्ने विषय बन्छ ।" (उत्तरपुस्तिकाको सम्बन्धमा उत्प्रेषणयुक्त प्रतिषेध समेतको विषयमा वि.सं. २०६६ को रिट नं ०६६ -WO-)७२२ मा सर्वोच्च अदालतको संयुक्त इजलासबाट २०६८ जेठ ४ मा भएको आदेशको पृष्ठ १५ र १६ को अंश । विस्तृतका लागि राष्ट्रिय सूचना आयोग (२०६८ : १५०–१६१) हेर्नुहोस् ।

सुधार गरेर उत्तरपुस्तिका हेर्न दिने निर्णय गऱ्यो । तर संशोधित नियमावलीबाट उत्तरपुस्तिका हेर्न पाउनु कठिन थियो जुन कुरा सूचनाको हकसम्बन्धी मान्यताको विपरीत थियो । यससम्बन्धमा निज अशेष न्यौपानेले पुन २०६८ मंसिर १६ मा दस्तुर तथा शर्त बन्देजहरू पुनरावलोकन गरी–गराई पाऊँ भनी आयोगमा दिएको निवेदनमाथि कारवाही गर्दै आयोगले मिति २०६८ माघ ५ मा आयोगको मिति २०६८ भदौ ६ को आदेशबमोजिम शिक्षा मन्त्रालयको मिति २०६८ कात्तिक १६ को मन्त्रीस्तरीय निर्णयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०६८ मा परिच्छेद १३(क) थप गरेको व्यवस्था पुनरावलोकन गर्न र निवेदक अशेष न्यौपानेको हकमा निजलाई सूचनाको हकसम्बन्धी ऐन र नियममा भएको व्यवस्थाबमोजिम अविलम्ब सूचना उपलब्ध गराउन परीक्षा नियन्त्रण कार्यालय सानो ठिमी भक्तपुरका परीक्षा नियन्त्रकको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो ।[९] फलस्वरूप अहिले एसएलसीका परीक्षार्थीहरूले आफ्नो उत्तरपुस्तिका हेर्न पाइरहेका छन् । उत्तरपुस्तिका हेर्न पाउने निर्णय लाखौँ विद्यार्थीको सरोकारको विषय थियो भने यो नेपालको परीक्षा प्रणालीलाई सुधार्ने एउटा महत्त्वपूर्ण कोसेढुंगा पनि थियो । सूचनाको हकसम्बन्धी ऐनको यो एउटा प्रत्यक्ष देखिने र प्रभाव पार्ने उपलब्धि हो ।

### *न्यायपरिषद्‌बाट न्यायाधीशमाथि भएका कारवाहीको प्रतिवेदन उपलब्ध*

शाही शासनकालमा स्याङ्जा जिल्लामा कार्यरत जिल्ला न्यायाधीश चित्रदेव जोशीलाई सेवाबाट हटाइएकोमा आफूलाई सेवाबाट हटाउनुको कारणबारे जाँचबुझ समितिले न्यायपरिषद्‌मा बुझाएको प्रतिवेदन तथा निजले सार्वजनिक कार्यक्रममा बोलेको भिडियोको रेकर्डलगायत सात प्रकारका सूचना न्यायपरिषद्‌बाट माग गरेकोमा नपाएपछि २०६६ माघ २५ मा आयोगमा पुनरावेदन दिएका थिए । आयोगले २०६७ जेठ २ मा निवेदकले माग गरेका सूचना उपलब्ध गराउन आदेश दिएकोमा न्यायपरिषद्‌ले २०६७ असार १५ मा सबै सूचना आयोगलाई उपलब्ध गराएको थियो (राष्ट्रिय सूचना आयोग २०६७ : ४२-४३) । पीडित न्यायाधीशको बर्खास्ती उल्टाउन उक्त सूचना प्रमाण बन्न पुग्यो ।

*द हिमालयन टाइम्स*का पत्रकार अनन्त लुइँटेलले नेपालको अन्तरिम संविधान, २०६३ लागु भएपश्चात् न्यायपरिषद्‌बाट सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशहरूका सम्बन्धमा भएका जाँचबुझ समितिका प्रतिवेदनहरू, जाँचबुझका आधारमा बर्खास्त गरिएका न्यायाधीशहरूको नाम,

---

[९] राष्ट्रिय सूचना आयोगको पुनरावेदनसम्बन्धी आव २०६८/२०६९ को अभिलेखबाट ।

थरलगायतका विवरणहरू र त्यसको आधार र कारण; जाँचबुझबाट सफाइ पाएका न्यायाधीशहरूको नाम, थरलगायतका विवरण र त्यसको आधार र कारण तथा जाँचबुझबाट विभागीय कारवाही भएका न्यायाधीशहरूको नाम, थरलगायतका विवरण र त्यसको आधार र कारणको सूचना न्यायपरिषद्बाट माग्दा परिषद्ले ती सूचना दिन आनाकानी गरेपछि आयोगको निर्णय र आदेशबाट पत्रकार लुइँटेलले माग गरेका सबै सूचना प्राप्त गरे ।[१०] यसरी न्याय क्षेत्र सूचनाको हकसम्बन्धी कानुनको क्षेत्रभित्र पर्छ भन्ने विषय व्यावहारिक रूपमै स्थापित गऱ्यो जुन कुरा स्थापित गर्न छिमेकी देश भारतमा धेरै वर्ष लागेको थियो ।

### *भ्याट बिलबाट कर छली विषयको प्रतिवेदन सार्वजनिक*

नेपालले अपनाएको आधुनिक कर प्रणाली (भ्याट) का केही प्रावधानहरूको दुरूपयोग गरेर केही करदाताले कर छल्ने र अनुचित लाभ लिने गर्नाले राज्यको अर्थतन्त्रलाई ठुलो धक्का लागेको थियो । यससम्बन्धमा सम्बन्धित विभागले जाँचबुझ गराई प्रतिवेदनसमेत तयार पारेको थियो । 'झुट्टा एवं नक्कली भ्याट (मूल्य अभिवृद्धि कर) बिजकबाट भएको कर छली सम्बन्धमा अध्ययन तथा छानबिन प्रतिवेदन २०६७' व्यवस्थापिका संसदको लेखा समितिले हेर्न माग्दा पनि अर्थ मन्त्रालयले उपलब्ध गराउन इन्कार गरेको थियो । उक्त प्रतिवेदन सार्वजनिक गरेर करछली अपराधमा संलग्न व्यक्ति र व्यापारिक फर्मको नाम सार्वजनिक गर्न जनदबाब बढिरहेको थियो । फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालले सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गरी अर्थ मन्त्रालयसँग उक्त प्रतिवेदन सार्वजनिक गर्न माग गरेकामा मन्त्रालयले नदिएपछि निजले २०६८ साउन ३० मा आयोगसमक्ष पुनरावेदन दिएका थिए । पुनरावेदनमा कारवाही गर्दै आयोगले अर्थ मन्त्रालयका सचिवलाई उक्त सूचना उपलब्ध गराउन आदेश दियो (राष्ट्रिय सूचना आयोग २०६८ : १४२-१४९) । व्यवस्थापिका संसदको लेखा समितिले धेरै प्रयास गर्दा पनि प्राप्त गर्न नसकेको उक्त प्रतिवेदन आयोगको आदेशबाट सार्वजनिक भयो र कर छल्नेहरूको नाम सार्वजनिक भयो । यसले राज्यको कर प्रणाली सुधार्न र राजस्व बढाउन महत्त्वपूर्ण योगदान दिएको छ ।

### *सरकारी प्रतिवेदन सार्वजनिक*

कपिलवस्तु जिल्लाको वीरपुर गाविसका अब्दुल मोहिद खाँको २०६४ भदौ ३० मा हत्या भएलगत्तै कपिलवस्तु र दाङ जिल्लामा भएका जातीय हिंसात्मक दंगाको

---

[१०] राष्ट्रिय सूचना आयोगको पुनरावेदनसम्बन्धी आव २०६८/२०६९ को अभिलेखबाट ।

सम्बन्धमा जाँचबुझ गरी रायसहितको प्रतिवेदन पेश गर्न पुनरावेदन अदालतका न्यायाधीश लोकेन्द्र मल्लिकको अध्यक्षतामा आयोग गठन गरियो । सो आयोगले पेश गरेको 'कपिलवस्तु जिल्ला, रूपन्देही जिल्लाको बुटवल क्षेत्र र दाङ जिल्लामा घटेका घटनासम्बन्धमा गठित जाँचबुझ अयोग, २०६४ प्रतिवेदन' सार्वजनिक भएन । यसो हुँदा घटनाका पीडितले क्षतिपूर्ति पाउन पनि सकेनन् । घटना पीडित संघर्ष समितिका सहसंयोजक टीकाबहादुर कुँवरले गृह मन्त्रालयसँग प्रतिवेदन सार्वजनिक गर्न माग गरे पनि गृह मन्त्रालयले दिन इन्कार गरेको हुनाले कुँवरले २०६७ भदौ २ मा आयोगमा पुनरावेदन दिए । घटनाको संवेदनशीलतालाई विचार गरी आयोगले उक्त प्रतिवेदन गृह मन्त्रालयबाट झिकाई आफैले अध्ययन गरी सार्वजनिक गर्न मिल्ने र नमिल्ने सूचना छुट्ट्याई मिल्ने जति सूचना सार्वजनिक गर्न २०६८ वैशाख ५ मा गृह मन्त्रालयलाई आदेश दिएको थियो (राष्ट्रिय सूचना आयोग २०६८ : १३०-१३९) ।यो निर्णयले सरकारी आयोगहरूका प्रतिवेदनहरू सार्वजनिक गर्ने बाटो खोलिदिएको छ ।

### *संसद सचिवालयलाई समयको यथार्थ अभिलेख राख्न आदेश*

२०६८ जेठ १४ मा संविधानसभाको म्याद सकिएको र जेठ १५ मा सखारै संविधानसभाको कार्यकाल थप गर्ने गरी व्यवस्थापिका संसदबाट नेपालको अन्तरिम संविधानको नवौँ संशोधन विधेयक दुई तिहाई बहुमतबाट पारित गर्न मतदान भएको थियो । सो मतदानको परिणाम घोषणा भएको मिति र समय (के, कति बजे) भन्ने कुरा ऐतिहासिक, संवैधानिक र कानुनी महत्त्वको हुनुका साथै जनसरोकारको विषयवस्तु समेत भएकाले सोसम्बन्धी आधिकारिक सूचना ललितपुर पाटनढोकाका सुरेशप्रसाद आचार्यले व्यवस्थापिका संसद सचिवालयसँग माग गरे । तर नपाएपछि आयोगसमक्ष २०६८ भदौ २ मा पुनरावेदन दिए । सो पुनरावेदनमाथि कारवाही गर्दा मागिएको सूचना अर्थात् यथार्थ समय उल्लेख भएको अभिलेख नराखेको हुँदा दिन नसकिने जवाफ आयो । यसपछि आयोगले 'त्यस्ता सूचनाहरू सार्वजनिकीकरण गर्दा सम्बन्धित निकायलाई पारदर्शी र जनताप्रति जवाफदेही र उत्तरदायीसमेत बनाउने हुँदा अब आइन्दा त्यस्ता प्रकृतिका सूचनाहरू अभिलेखबद्ध गरी अध्यावधिक गर्दै संरक्षण गरी राख्ने व्यवस्था गर्न र नागरिकले मागेका बखत उपलब्ध गराई त्यस्तो सूचना ऐनको दफा ५(३) बमोजिम प्रकाशित समेत गर्न संसद सचिवालयका महासचिवको नाममा' २०६८ असोज २६ मा आदेश जारी गरेको थियो (राष्ट्रिय सूचना आयोग २०६८ : १३९-१४१) ।

## *कार्यसम्पादन मूल्यांकनको नतिजा उपलब्ध गराउन निर्देशन*

कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतका कर्मचारी दुर्गाप्रसाद पन्थीले कार्यसम्पादन मूल्यांकनसम्बन्धी सूचना आंशिक रूपमा मात्र प्राप्त गरेकाले सम्पूर्ण सूचना माग गरी २०६६ साउन १३ मा आयोगमा पुनरावेदन दिएकामा आयोगले २०६६ भदौ १० मा कार्यसम्पादन मूल्यांकनको अंक सूचना मागकर्तालाई दिनू भनी आदेश दिएको थियो ।

त्यस्तै, नेपाल टेलिकमका कर्मचारी सुन्दरकुमार घिमिरेले नेपाल टेलिकमबाट आफ्नो कार्यसम्पादन मूल्यांकनको नम्बरको जानकारी प्राप्त नभएपछि २०६६ पुस ९ मा आयोगमा निवेदन दिएका थिए । सो निवेदनमा कारवाही गर्दै आयोगले २०६६ चैत २७ मा निवेदकले मागेको सूचना दिनु पर्ने निर्णय गरेको थियो ।

नयाँ बानेश्वर निवासी केशव प्रसाईले कृषि सेवा, बाली संरक्षण समूहको बाली संरक्षण अधिकृत पदमा अन्तर्वार्तामा उपस्थित सबै सात जना उम्मेदवारको जम्मा प्राप्तांक उपलब्ध गराई पाऊँ भनी लोकसेवा आयोगसमक्ष दिएको निवेदनमा आयोगले माग गरेको सूचना नदिएको हुँदा निवेदकले २०६७ फागुन २५ मा निवेदन दिएका थिए । सो निवेदनमा कारवाही गर्दै आयोगले २०६८ भदौ १५ मा निवेदकले माग गरेको सूचना उपलब्ध गराउनु भनी लोकसेवा आयोगका सचिवको नाममा आदेश जारी गरेको थियो ।

नेपाल विद्युत प्राधिकरणका कर्मचारी थर्कबहादुर थापाले नेपाल विद्युत प्राधिकरणको प्राविधिक सेवाको उप–प्रबन्धक पदका लागि लिइएको लिखित परीक्षाको उत्तरपुस्तिकाको सक्कलै कपी, प्राप्तांक, योग र कैफियत साथै अन्तर्वार्ताको नतिजाको प्राप्तांकसहित उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग गरेको २०६८ माघ १९ को निवेदनमा आयोगले २०६९ असार १९ मा निवेदकले मागेको सूचना निवेदकलाई उपलब्ध गराउन नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयका प्रमुखका नाममा यो आदेश जारी गरिएको थियो ।[११]

यसरी लोकसेवा आयोगले लिने परीक्षा तथा सरकारी कार्यालय तथा संस्थानका कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकनको अंक, अन्तर्वार्ताको मूल्यांकनको अंकको जानकारी सम्बन्धित कर्मचारीलाई दिनुपर्ने आयोगको निर्णयले निजामती कर्मचारी ऐन नियम तथा लोकसेवा आयोगका प्रचलित नियम र प्रक्रियामा प्रभाव पारेको देखिन्छ । यसले सूचनाको हकसम्बन्धी ऐनका प्रतिकूल कानुनहरूको संशोधनको आवश्यकता औँल्याएको छ ।

---

[११] राष्ट्रिय सूचना आयोगको पुनरावेदनसम्बन्धी आ.व. २०६८/२०६९ को अभिलेखबाट ।

### *प्रयोगात्मक परीक्षाको कागजात परीक्षार्थीलाई उपलब्ध गराउने आदेश*

नेपाल मेडिकल कलेज, जोरपाटीका संगम के.सी.लगायत आठ जना परीक्षार्थीहरूलाई एउटै प्रयोगात्मक विषयमा अस्वाभाविक ढंगले अनपेक्षित अंक दिई अनुत्तीर्ण गराइएको विषयमा परीक्षार्थीहरूले प्रयोगात्मक परीक्षाको कागजपत्र (स्पटिङ पेपर) हेर्न माग गरी २०६६ चैत २९ मा आयोगमा निवेदन दिए । सो मुद्दामा प्रयोगात्मक परीक्षाका कागजपत्र (स्पटिङ पेपरहरू) परीक्षा नियन्त्रण कार्यालय वा विश्वविद्यालयमा नपठाई सम्बन्धित कलेजमै रहने गरेको हुँदा आयोगले प्रयोगात्मक परीक्षाको कागजपत्र सुरक्षित राख्न र परीक्षार्थीले मागेको बेलामा हेर्न दिने व्यवस्था गर्न २०६७ कात्तिक १७ मा नेपाल मेडिकल कलेजलाई आदेश जारी गरेको थियो (राष्ट्रिय सूचना आयोग २०६८ : ६४-७५) । यस्तै विषयको पुनरावेदन नेपालगञ्जको मेडिकल कलेजबाट पनि परेपछि प्रयोगात्मक परीक्षाका कागजपत्रहरू सुरक्षित राख्ने र विद्यार्थीले हेर्न चाहेको बेलामा उपलब्ध गराउने भनी सबै कलेज र परीक्षा संचालन गर्ने निकायहरूलाई एकमुष्ठ आदेश जारी गरेको थियो ।

### *छानबिन समितिको खर्च विवरण सार्वजनिक गर्न आदेश*

*हिमाल खबरपत्रिका*का पत्रकार रामजी दाहालले कैलालीका पत्रकार जेपी जोशीको हत्यासम्बन्धमा गठित जाँचबुझ समितिको प्रतिवेदन र खर्चको विवरण तथा बिल भरपाइको प्रतिलिपि मागेको २०६६ फागुन २३ को पुनरावेदनमा जाँचबुझको काम नसकिएको हुँदा सूचना दिन नमिल्ने भन्ने गृह मन्त्रालयको भनाइको सम्बन्धमा जाँचबुझ समितिले गरेको खर्चको फाँटवारीको सम्पूर्ण विवरणको बिल भरपाइहरू निवेदकलाई उपलब्ध गराउनू भनी आयोगले २०६७ जेठ ३ मा गरेको निर्णय र आदेशअनुसार सूचना मागकर्ताले मागेका सबै कागजपत्र प्राप्त उपलब्ध गराइएको थियो ।

### *सूचना वर्गीकरण पुनरावलोकन*

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा पाँच प्रकारका सूचना सार्वजनिक गर्न नमिल्ने भनी तोकिएको छ । ऐनको दफा २७ मा त्यसरी तोकिएका सूचनाको वर्गीकरण गर्ने र सुरक्षित राख्ने प्रावधान छ । यसअनुसार नेपाल सरकारका सबै निकायहरूमा भएका सूचनाहरूको नीतिगत रूपमा वर्गीकरण गर्नका लागि मुख्य सचिवको अध्यक्षतामा तीन सदस्यीय समितिको व्यवस्था छ ।

ऐन लागु भएपछि नेपाल सरकारले २०६५ पुस २० मा सूचनाको वर्गीकरण गरेको जानकारी आयोगलाई दियो । तर उक्त वर्गीकरण सूचनाको हकसम्बन्धी

ऐनका विभिन्न प्रावधानहरूसँग बाझिएको हुँदा आयोगले २०६६ मंसिर १९ को २० औँ बैठकबाट निर्णय गरी उक्त वर्गीकरणको पुनरावलोकन गर्न पत्र पठाएको थियो । जसअनुसार गोप्य राख्न भनिएका सूचनाहरू किन गोप्य राख्नु पर्ने भन्ने र कति समय गोप्य राख्नु पर्ने भन्ने आधार नखुलाइएको, सूचना संरक्षण गर्ने उपाय वा विधि स्पष्ट नभएको, साथै 'प्रचलित कानुनबमोजिम गोप्य राख्नु पर्ने विषयमा सो ऐनले अवधि तोकिदिएकोमा सोहीबमोजिम र नतोकिदिएकोमा विषयको प्रकृति हेरी सम्बन्धित निकायको प्रमुखले निर्धारण गरेको अवधिसम्म' भन्ने भनाइले सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने पुराना ऐनको व्यवस्थालाई कायम गर्नुका साथै निकायका प्रमुखलाई अधिकार दिएको जस्ता कारणले गर्दा उक्त वर्गीकरण ऐनको भावना, मर्म र उद्देश्यको प्रतिकूल भएको कुरा स्पष्ट पारेको थियो ।

त्यसपछि २०६८ माघमा दोस्रो पटक सूचनाको वर्गीकरण गरियो । तर उक्त वर्गीकरणको सुरुमै "प्रचलित कानुनबमोजिम गोप्य राख्नुपर्ने विषयमा सो कानुनले अवधि तोकिदिएकोमा सोही बमोजिम र अवधि नतोकिदिएकोमा विषयको प्रकृति हेरी सम्बन्धित निकायको प्रमुखले अवधि र संरक्षणको तरिकासहित समिति समक्ष पेश गरी समितिले निर्धारण गरे बमोजिम" भन्ने वाक्यबाट वर्गीकरण गरिएको हुँदा सूचनामा पहुँचको विषयका लागि प्रचलित वा पुराना कानुनकै आधार लिइएको र सम्बन्धित निकायका प्रमुखलाई जिम्मेवारी तोकिएको जस्ता व्यवस्थाले गर्दा वर्गीकरण झनै अनुदार र विवादास्पद भयो । उक्त वर्गीकरणलाई नै आधार बनाएर परराष्ट्र मन्त्रालयले सूचना दिन इन्कार गरेकोमा आयोगमा पुनरावेदन परेको थियो । तर नागरिक समाज र पत्रकारहरूको दबाबले गर्दा उक्त वर्गीकरण कार्यान्वयन स्थगित गरियो । आयोगको आदेशअनुसार परराष्ट्र मन्त्रालयले सूचना मागकर्तालाई सूचना उपलब्ध गरायो ।

## *शंखघोषकमाथि कारवाहीको मुद्दा*

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ ले सूचनादाताको संरक्षण गर्ने व्यवस्था गरेको छ, जसअनुसार कुनै सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व बनाइएको छ । यसरी आफ्नो निकायको सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुऱ्याउन नहुने र यदि सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने

आयोगले क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्ने व्यवस्था छ । ऐनको यो विशेष व्यवस्था अनियमितता र भ्रष्टाचारलाई लक्षित गरी बनाइएको देखिन्छ ।

राष्ट्रिय सूचना आयोगमा चार वर्षको अवधिमा यसप्रकारको एउटा मात्र पुनरावेदन परेको छ । कैलालीकी शिक्षिका पुष्पा कार्कीले आफ्नो विद्यालयमा हुनेगरेको भेदभाव र अनियमिताको सूचना संचारमाध्यमलाई दिंदा उनलाई विभिन्न विद्यालयमा सरुवा गर्ने, हाजिरी नगर्ने र तलबबाट वञ्चित गर्ने गरिएको थियो । यससम्बन्धमा निजले २०६६ भदौ ९ मा आयोगमा उजुरी गरेकामा आयोगले २०६६ भदौ ११ मा मुद्दाको टुंगो नलागेसम्म शिक्षिकालाई आफ्नै पदमा काम गर्न र तलब उपलब्ध गराउन कैलालीको जिल्ला शिक्षा कार्यालयलाई आदेश दिएको थियो । आयोगको आदेश पालन नभएपछि २०६७ वैशाख ३० मा कैलाली जिल्लाका शिक्षा अधिकारीलाई जरिवाना गर्ने निर्णय गरेको थियो । शिक्षिका पुष्पा कार्कीलाई आफ्नै पदमा पुनर्स्थापना गराउन आयोगले शिक्षा मन्त्रालयमा समेत पत्राचार गरेको थियो । पीडित शिक्षिकालाई न्याय दिलाउन आयोगले प्रधानमन्त्री कार्यालय तथा शिक्षा मन्त्रालयमा पनि ताकेता गरेको थियो । शिक्षा मन्त्रालयले पनि यस विषयमा छानबिन गर्न समिति गठन गरेको थियो । आयोगले यस विषयमा शिक्षा मन्त्रालयलाई २०६७ भदौ १८ मा र त्यसपछि पनि लेख्ने काम भइरहेको छ । तर आयोगले गरेको निर्णयको कार्यान्वयन अझै हुन सकेको छैन ।

## ऐन कार्यान्वयनका समस्या र चुनौतीहरू

अधिकांश मुलुकमा राज्यका अंग तथा सरकारी निकायहरूलाई पारदर्शी र जिम्मेवार बनाउन सूचनाको हकसम्बन्धी ऐन बनाइएको देखिन्छ । नेपालमा भने यो ऐनको क्षेत्र व्यापक बनाइएको छ । राज्यका अंग र सरकारी निकायहरू मात्र होइन, राजनीतिक दल र गैरसरकारी संस्थाहरू तथा जनताको नाममा काम गर्ने र सहयोग प्राप्त गर्ने सबै निकायले यो ऐन पालन गर्नुपर्छ । तर सूचना अधिकारको सोझो सम्बन्ध सुशासनसँग भएको हुनाले जनताको सेवा गर्ने र पारदर्शी तथा जिम्मेवार हुनुपर्नेमा सरकारी निकायहरू नै मुख्य रूपमा पर्छन् । अतः ऐनले सरकारीबाहेक अन्य निकायलाईसमेत समेटे पनि ऐनको लक्ष्य सरकारी निकायलाई पारदर्शी र जिम्मेवार बनाउनु हो । यसैले सूचना माग गर्ने निकाय र आयोगले कारवाही गर्ने निकाय र पदाधिकारीहरू सरकारी निकाय र सरकारी पदाधिकारीहरू नै हुनु स्वाभाविक हो ।

नेपाललगायत भारतीय उपमहाद्वीपका मुलुकहरूमा सयौँ वर्षसम्म चलेका सामन्ती, औपनिवेशिक तथा अलोकतान्त्रिक शासन प्रणालीमा स्थापना र विकास भएको प्रशासन यन्त्र र कर्मचारीहरूको कार्यशैलीको आधार नै गोप्यता थियो । शासकको

चाकरी तथा गोप्यताको सोच, संस्कार र व्यवहारमा हुर्केको कर्मचारीतन्त्र (ब्युरोक्रेसी) लाई जनताप्रति जिम्मेवार र पारदर्शी बनाउनु भनेको सानोतिनो काम होइन । नेपालको राजनीतिक व्यवस्था राणा शासन, पंचायती शासन र संवैधानिक राजतन्त्र हुँदै गणतन्त्रमा फेरिए पनि कर्मचारीतन्त्र र प्रशासनमा पुरानै पद्धतिले निरन्तरता पाइरहेको छ । सामाजिक मूल्य मान्यताअनुसार पनि सरकारी काम गोप्य नै हुन्छ भन्ने सोच छ । साथै समाज र परिवारमा समेत सूचनाको एउटा सिँढी (हायरार्की) छ जसले समाजलाई समेत अपारदर्शी बनाएको छ । यस्तो राजनीतिक, सामाजिक र प्रशासनिक पद्धतिले जरा गाडेको समाजमा सूचना अधिकार बिल्कुलै नयाँ विषय थियो, किनकि कुनै पनि समाज वा व्यवस्थाले सूचना अधिकारलाई लागु गर्नु एउटा ठुलो फड्को (प्याराडाइम सिफ्ट) हो । यसैले नेपालमा सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागु गर्नु सहज काम होइन । यसका लागि सबै राजनीतिक दल, प्रशासन यन्त्र र नागरिक समाजको दृढ संकल्प, सक्रियता र दिगो तथा प्रभावकारी योजना र कार्यक्रमको आवश्यकता हुन्छ । नेपालमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्ने सन्दर्भमा निम्न चुनौती वा समस्याहरू प्रमुख रूपमा देखिएका छन् :

### *पुरानो मानसिकता*

सूचना प्रवाहको दृष्टिले नेपाली समाज र सरकार दुवै बन्द संस्कृति भएको देश हो । यहाँ परिवार र समाजभित्र नाता, उमेर, लिंग, जाति आदिको आधारमा कसले कति सूचना पाउने भन्ने सूचनाको सिँढी प्रचलित छ । सरकारी कामकाज गोप्य राख्ने प्रशासनिक परम्परा छ । सूचना अधिकारले यी दुवै कुरालाई तोड्छ । सूचनाको हकसम्बन्धी ऐन लागु गर्नु भनेको देश र समाजलाई बन्द वा गोपनीयताको संस्कृतिबाट खुला र पारदर्शी समाजमा बदल्नु हो । यसको पहिलो लक्ष्य खुला सरकार (ओपन गभर्न्मेन्ट) हो, जुन कुरा नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा नै स्पष्ट पारिएको छ ।

नयाँ तरिकाले काम गर्नका लागि पुरानो सोच र तरिका त्याग्नु पर्छ । सूचनाको हक वास्तवमै कार्यान्वयन गर्नका लागि जुन खालको खुला र पारदर्शी वातावरणको खाँचो छ त्यस्तो वातावरणको कल्पना न त राजनीतिक नेतृत्वले गरेको छ न त प्रशासनिक नेतृत्वले नै । ऐन लागु भएको चार वर्षमा पनि ऐनले तोकेको जिम्मेवारीअनुसार सार्वजनिक निकायहरूले आफ्ना सूचना आफैँले सार्वजनिक गर्नुपर्ने कानुनी दायित्व पूरा गरेका छैनन् । निकायका सामान्य सूचना माग गर्दा पनि त्यस्ता व्यक्तिप्रति सशंकित हुने र उसलाई शत्रुवत् व्यवहार गरेको पाइन्छ । सबैभन्दा पहिलो र प्रमुख कुरा राज्यको नेतृत्व तहमा नै कानुन लागु गर्ने गराउने दृढ संकल्प हुनुपर्छ । यसका

लागि सर्वप्रथम पुरानो सोच र मानसिकता त्याग्नु पर्छ । नेतृत्व तहमा खास गरी कर्मचारीतन्त्रमा जमेर बसेको पुरानो सोच र मानसिकता सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागु हुन नसक्नुमा प्रमुख बाधकको रूपमा रहेको छ ।

### *राजनीतिक प्रतिबद्धताको अभाव*

सूचनाको हकसम्बन्धी ऐन पारित र लागु भएको घटना वा विषयलाई राजनीतिक दल र नेताहरूले ठुलो उपलब्धि र परिवर्तनको थालनीको रूपमा लिनु पर्थ्यो । यसलाई जनतामा फैलाएर आफ्नो दलको साख बढाउन सक्नु पर्थ्यो । तर कुनै पनि राजनीतिक दल र नेताहरूले न यसलाई आफ्नो दलको उपलब्धिको रूपमा लिए न त लोकतन्त्रको उपलब्धिको रूपमा नै लिएको देखियो । कुनै पनि नीति वा ऐन राजनीतिक नेतृत्वले ग्रहण र प्रवर्द्धन गरेन भने त्यसमुनिको प्रशासनयन्त्रले पनि त्यसलाई गम्भीर रूपमा लिँदैन र त्यो बेवारिसे बच्चा जस्तो हुन जान्छ । नेपालमा राजनीतिक नेतृत्वलगायत राज्यका हरेक अंगका नेतृत्व र नीति निर्माणको तहले सूचना अधिकारलाई गम्भीरता तथा दृढतापूर्वक लिएको देखिएन । राजनीतिक दलहरूले आफ्नो दल खुलापनको नयाँ संस्कृति र वातावरणमा प्रवेश गरेको स्पष्ट संकेत दिएनन् ।

### *कर्मचारीतन्त्रको प्रतिबद्धता र सहयोगको अभाव*

सूचनाको सबैभन्दा ठुलो स्रोत सरकारी कार्यालयहरू हुन् । यसैले सूचनाको हकसम्बन्धी कानुनले सूचना दिनुपर्ने दायित्व बोकेका सार्वजनिक निकायहरूको परिभाषा फराकिलो बनाए पनि मुख्य दायित्व सरकारी कार्यालय र तिनका पदाधिकारीहरूकै हो । सबै कार्यालयमा रहेका सूचना जनताको नासो हो र लोकतन्त्रमा राज्यका सबै निकायमा भएका सार्वजनिक महत्त्वका सूचना र आफ्नो व्यक्तिगत सूचनामा नागरिकको सरल र सहज पहुँच हुन्छ भन्ने सोचको विकास कर्मचारीतन्त्रमा हुन सकेको छैन । आम नागरिकको सूचना माग्ने र पाउने हक खोस्न वा घटाउन सकिन्न भन्ने कुरा सरकारी निकायका सबै जिम्मेवार पदाधिकारीले आत्मसात् गर्न सकेका छैनन् ।

### *ऐनसँग बाझिने कानुनहरू सक्रिय*

सूचनाको हकसम्बन्धी ऐन लागु हुनुअघि नेपालका सबै सरकारी निकायहरू गोपनीयताको आधारमा काम गर्थे । ऐन लागु भएको पाँच वर्ष पुग्दा पनि नेपालमा विभिन्न पदका लागि गोपनीयताको शपथ लिने चलन कायमै छ । कर्मचारी र निकायहरूलाई डोऱ्याउने ऐन कानुन खास गरी निजामति सेवा ऐन र नियमले

गोपनीयतालाई नै जोड दिन्छन् र गोपनीयता कायम गर्न सक्नु नै कर्मचारीको योग्यता मानेर मूल्यांकन गर्ने परम्परा कायमै छ । संवैधानिक निकाय तथा अन्य कतिपय निकायमा जिम्मेवारी लिने व्यक्तिले गोपनीयताको शपथ खाएर काम सुरु गर्ने चलन हटेको छैन । अहिले पनि नेपालमा सूचनाको हकसम्बन्धी ऐनलाई अवरोध पुऱ्याउने, सूचना सार्वजनिक गर्नबाट कर्मचारीहरूलाई रोक्ने खालका सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन नियमहरू विद्यमान छन् । सूचनाको हकसम्बन्धी ऐनलाई निर्वाध र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि यस्ता कानुन संशोधन गरी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान आवश्यक कानुनी व्यवस्था गरिनुपर्छ । सूचनामा पहुँचको कानुन मात्रै भएर पुग्दैन । त्यसलाई सक्रिय बनाउन अरू कानुनको सहयोग चाहिन्छ । राज्यका सबै कानुनले सूचनाको हकसम्बन्धी ऐनलाई सघाउनुपर्छ । सूचनाको हकसम्बन्धी ऐनले अरू सबै ऐनलाई 'ओभरराइड' गर्छ भन्ने निश्चित हुनुपर्छ । यसरी पदभार ग्रहण गर्दा नै गोपनीयताको शपथ खाएर एकमुष्ठ रूपमा सूचना सार्वजनिक गर्ने काममा प्रतिबन्ध लगाउनुको साटो आधुनिक लोकतन्त्रमा गोपनीयताको सट्टा अब नेता वा उच्च पदस्थ कर्मचारीहरूले जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्छ ।

### *वैज्ञानिक सूचना व्यवस्थापन तथा नयाँ प्रविधिको प्रयोगको अभाव*

अधिकांश सरकारी कार्यालयहरूमा अभिलेख राख्ने परिपाटी पुरानै छ । खोजेको सूचना चाहेको बेलामा तुरुन्तै पाउन सकिने गरी राख्ने आधुनिक व्यवस्था गर्ने निकायहरूको संख्या नगन्य छ । जिल्लास्थित अधिकांश सरकारी कार्यालयका कागजपत्र कपडाका पोका, पुराना बाकस र दराजहरूमा थन्किएका छन् । कुन अभिलेख कहाँ छ भनी तुरुन्तै र सजिलोसँग थाहा पाउने वैज्ञानिक तरिकाको अभाव छ । कार्यालय प्रमुख वा सूचना अधिकारीले सूचना दिन खोजे पनि सूचना व्यवस्थापनको अभावले गर्दा सूचना प्रवाहमा बाधा पारेको छ । यसरी सूचना व्यवस्थापन सूचनाको हकसम्बन्धी ऐन क्रियान्वयनका क्षेत्रमा एउटा ठुलो व्यवधानको रूपमा रहेको छ ।

त्यस्तै, आधुनिक सूचना प्रविधिको मद्दतले लेख्य, शब्द, चित्र, ध्वनि, चलचित्र आदि कुनै पनि स्वरूपमा रहेको तथ्यांक र सूचनालाई शीघ्र, सस्तो र सजिलोसँग प्रवाह गर्न सक्ने प्रविधि सहजै उपलब्ध हुने हुनाले सूचनाको हकको कार्यान्वयनमा सूचना प्रविधिले धेरै सजिलो, सस्तो र शीघ्र बनाएको छ । यसका लागि परम्परागत रूपमा तयार भएका कागज, चित्र, ध्वनि, चलचित्रलाई डिजिटल रूपमा बदल्नु आवश्यक हुन्छ । अतः सार्वजनिक निकायहरूले डिजिटल प्रविधि प्रयोग गरेर सूचनाहरू डिजिटल रूपमा राख्न र अनलाइनमा उपलब्ध गराउन आवश्यक छ ।

### *सरकारी निकायहरूको निष्क्रियता र आवश्यक संयन्त्रको अभाव*

ऐनको उद्देश्य खुला र पारदर्शी सरकार भएको हुँदा सरकारी निकायहरूले जनतालाई उपलब्ध गराउनु पर्ने सूचना जनताले माग्न आउनुभन्दा पहिले नै स्वतस्फूर्त रूपमा सार्वजनिक गर्नुपर्छ । ऐनले तीनतीन महिनामा निकायसँग सम्बन्धित विभिन्न प्रकारका सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था गरे तापनि यसलाई कुनै पनि निकायले पालना गरेका छैनन् । आधुनिक सूचना प्रविधिको सहयोगबाट यो काम सहज र सरल तरिकाले गर्न सकिने विषयमा कसैले ध्यान दिएको छैन ।

सूचनाको हकसम्बन्धी ऐन लागु भएका देशमा राज्यका सम्पूर्ण निकायमा सूचना अधिकारीको व्यवस्था गर्न, सूचना अधिकारीलाई तालिम र अभिप्रेरण (इन्सेन्टिभ) दिन, सूचना अधिकारीको कार्यालयका लागि स्रोत साधन उपलब्ध गराउन, सरकारी कार्यालयहरूमा आधुनिक तथा वैज्ञानिक तरिकाले सूचना व्यवस्थापन गर्न गराउन साथै आवश्यक बजेटको व्यवस्था गर्न एउटा बेग्लै मन्त्रालय वा निकाय जिम्मेवार हुन्छ । तर नेपालमा सरकारी कार्यालयमा सूचनाको हकसम्बन्धी ऐन लागु गर्न गराउनकै लागि यस्तो बेग्लै निकायको व्यवस्था छैन । यसले गर्दा कार्यालयमा सूचना व्यवस्थापन, सूचना अधिकारीको दक्षता वृद्धिदेखि आवश्यक यन्त्रउपकरण र स्रोत साधनको व्यवस्था हुन सकेको छैन । यसले सूचना सार्वजनिक गर्न बाधा पारेको छ ।

### *गैरसरकारी संस्थाको उदासिनता*

नेपालको झन्डै आधा जनसंख्या असाक्षर र विपन्न छन् र उनीहरूमा आफ्ना अधिकारबारे पर्याप्त चेतनाको अभाव छ । यसले गर्दा सूचना माग्ने र पाउने विषयमा आम नागरिक आफै सक्रिय हुन सक्ने अवस्था छैन । यस अवस्थामा मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको सक्रियता आवश्यक छ । नेपालमा मानवअधिकार र सुशासनको लागि धेरै वर्षदेखि धेरै संस्थाहरूले काम गरिरहेका छन् । तर सूचना अधिकार नेपालको लागि नयाँ हो । त्यसैले नेपालका मानवअधिकार तथा सुशासनका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ । तर अहिले नेपालमा आधा दर्जन गैससहरू पनि यस क्षेत्रमा सक्रिय छैनन् । धेरैजसो गैसस आर्थिक रूपले अपारदर्शी हुने र तिनीहरूले पनि सूचनाको हकसम्बन्धी ऐन पालन गर्नुपर्ने कारणले यस क्षेत्रमा नलागेका हुन सक्छन् । सूचना अधिकार अरू सबै मानवअधिकारको पनि आधार हो । यसैले अधिकारवादी गैससहरू यस क्षेत्रमा लाग्नुपर्छ । तिनीहरूले सक्रियतापूवर्क आफ्ना सूचना सार्वजनिक गरेर नमूना देखाउनुपर्छ ।

### *पत्रकार, मिडिया र नागरिक समाजको सक्रियताको कमी*

दोस्रो पटक सरकारी निकायका सूचना वर्गीकरण गर्दा सरकारले सूचना लुकाउन खोजेको विरोधमा पत्रकार र नागरिक समाज सचेत र सक्रिय भएको फलस्वरूप उक्त वर्गीकरण स्थगित गर्न सरकार बाध्य भयो । अन्य देशमा पनि सूचनाको हकबारे जागरण फैलाउन, लागु गराउन र जनताको अधिकार कटौती गर्ने प्रयास भएमा त्यसको विरोध गर्न नागरिक समाज सक्रिय हुन्छन् । वास्तवमा नागरिक समाज सक्रिय भएन भने जनताले पाएको अधिकार गुम्दै जान्छ । अरू देशको तुलनामा नेपालमा सूचनाको हकबारे जनचेतना फैलाउनेदेखि सूचना माग्न आम नागरिकलाई डोऱ्याउनेसम्मका काममा नागरिक समाजका संस्थाहरू पर्याप्त मात्रामा सक्रिय छैनन् । नागरिक समाज सक्रिय नभई सूचना माग्ने काममा व्यापकता आउन सक्तैन । आम नागरिकलाई सूचनाको हकसम्बन्धी ऐनबारे बुझाउन, ऐनबाट लाभान्वित गराउन पत्रकार तथा नागरिक समाजका संस्थाहरूको सक्रियता आवश्यक छ ।

हामीकहाँ मानिसहरू आफै सार्वजनिक निकायमा गएर सूचना माग्ने चलन र बानी नभएको हुनाले मिडियाले नै नागरिकको सूचनामा पहुँचलाई सहज बनाउने भूमिका खेल्दै आएको छ । तर मिडियाले प्रवाहित गर्ने समाचार र आम नागरिकलाई आवश्यक पर्ने सूचनाबीच तालमेल मिल्न सकेको छैन । नेपालको अहिलेको राजनीतिक संक्रमणकालीन अवस्थाले गर्दा आम नागरिकको र मिडियाको समाचारीय मूल्य र प्राथमिकता फरक परेको हुन सक्छ । पत्रकारले यति मिहिनेत गरी ल्याएको सूचना अधिकारको पत्रकार आफैले यति कम उपयोग गर्नुको पछाडि पनि यही कारण हुन सक्छ । तर मिडियाले सक्रियतासाथ सूचनाको हकको उपयोग नगरेसम्म जनताले यसको पर्याप्त मात्रामा उपयोग गर्न सक्ने छैनन् । त्यस्तै, सार्वजनिक निकायहरूले सूचनाको हकसम्बन्धी ऐन पालन गरे–नगरेको अनुगमन आयोगले गरेर मात्रै सम्भव छैन । यसका लागि हरेक गाउँ ठाउँमा स्थानीय मिडिया, नागरिक समाज सक्रिय हुनु आवश्यक छ ।

### *शिक्षा, तालिम र अभिप्रेरणा (इन्सेन्टिभ) को कमी*

गोप्यताको परम्परामा हुर्केको कर्मचारीतन्त्रलाई नयाँ वातावरणमा काम गर्न–गराउन शिक्षा, तालिम र अभिप्रेरणामार्फत् उनीहरूको क्षमता बढाउनुपर्छ । सूचना दिने जिम्मा पाएका कर्मचारीहरू, खास गरी सूचना अधिकारी तथा कार्यालय प्रमुखलाई सूचना सार्वजनिक गर्ने र सूचना मागकर्तालाई उपलब्ध गराउने विषयमा सचेत र दक्ष बनाउनु आवश्यक छ । साथै, विद्यालय, विश्वविद्यालय तथा

लोकसेवा आयोगलगायत विभिन्न सेवा आयोगहरूको परीक्षाको पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषयलाई अनिवार्य रूपमा राख्ने व्यवस्था गर्नु आवश्यक छ ।

## *सूचना मागको अभिलेखको अभाव*

नेपाली नागरिकमध्ये कसले, कहिले, कुन निकायबाट कस्तो सूचना कसरी माग्यो र उसले मागेको सूचना पायो कि पाएन, कसरी पायो, कुन रूपमा पायो र कति समयमा पायो भन्नेजस्ता सूचनाहरू कुनै पनि कार्यालयमा अभिलेख राख्ने गरिएको वा त्यस्तो सूचना मागको जानकारी आयोगलाई दिने गरेको पाइँदैन । ऐनमा यसको व्यवस्था नहुनु कमजोरी हो । उक्त जानकारीको अभावमा नेपालमा सूचना माग र प्राप्तिको अवस्था जान्ने वा अध्ययन गर्ने बलियो आधारको अभाव छ । सूचना मागकर्ताहरूले अन्य निकायबाट सूचना नपाएको अवस्थामा पुनरावेदन गर्न सक्ने कानुनी व्यवस्था भएको हुनाले कुन निकायबाट कसले, कहिले, कस्तो सूचना पाएन भन्ने कुराको मात्रै आधिकारिक जानकारी पाउन सकिने अवस्था छ । सूचना नपाउने सबै जनाले पुनरावेदन नगर्ने हुनाले सूचना नपाउनेहरूको पूर्ण जानकारी पाउन सकिने अवस्था छैन ।

## **अन्तमा,**

सूचनाको हकसम्बन्धी ऐन बनाउन नेपालमा झन्डै दुई दशकदेखि प्रयास भइरहेको थियो । २०६२-६३ को जनआन्दोलनको सफलताले उक्त ऐन बनाउन र लागु गर्न सहज वातावरण बनायो । ऐन बनेको तीन महिनामा लागु गर्ने व्यवस्था पनि भयो । अहिले नेपालमा आम नागरिकको सूचनामा पहुँच र सूचना माग्ने र पाउने अधिकारका कार्यान्वयनका लागि अन्तरिम संविधान, सूचनाको हकसम्बन्धी ऐन र नियमावलीबाहेक ऐनअनुसार गठन भएको राष्ट्रिय सूचना आयोगले जारी गरेको निर्देशिका र पुनरावेदनमाथि कार्वाही गर्ने कार्यविधिहरू क्रियाशील छन् । ती सम्पूर्ण वैधानिक वातावरणको आधारमा ऐन जारी भएको पाँच वर्ष र राष्ट्रिय सूचना आयोग गठन भएपछिका चार वर्षमा भएका नागरिकको सूचनामा पहुँच तथा सूचना माग्ने र पाउने विषयमा भएका प्रयास, गतिविधि, अनुभवलाई अध्ययन गर्दा नेपालमा सूचना अधिकारको कार्यान्वयनका विषयमा न्यायपालिका, व्यवस्थापिका-संसदलगायत अन्य कतिपय संवैधानिक निकायको दायित्व स्पष्ट भएका छन् र महत्त्वपूर्ण विषयहरूको पहिचान भएको छ ।

ऐन लागु भए पनि सूचना दिने जिम्मेवारी भएका सार्वजनिक निकायहरू भौतिक तथा मानसिक रूपमा तयार थिएनन् । अर्कोतिर देशको राजनीतिक

वातावरण असहज बन्दै गएको हुँदा यो ऐन लागु गर्ने विषयले प्राथमिकता पाएन । सूचनाको हकको महत्त्व र ऐनका प्रावधानहरूबारे व्यापक जनचेतना फैलाउनु आवश्यक थियो । यसका लागि नागरिक समाज र सरकारसमेतको सक्रियताको खाँचो थियो । साथै सूचना दिने सार्वजनिक निकायहरूमा सूचना प्रवाह गर्ने र मागेको बेलामा उपलब्ध गराउने भौतिक संरचना र मानसिकताको आवश्यकता थियो । यी दुवै कुरा उचित र प्रभावकारी ढंगले हुन सकेन ।

सूचनाको हकको लागि नमूना मानिएको छिमेकी देश भारतलगायत अरू कतिपय मुलुकमा सूचनाको हकसम्बन्धी ऐन पालन गर्नुपर्ने निकाय सीमित छन् । सरकारी कार्यालयहरूले मात्रै यसको पालना गर्नुपर्ने दायित्व छ । तर नेपालमा राजनीतिक दल, गैरसरकारी संस्था, अदालतलगायत सबै संवैधानिक निकायहरूले ऐन पालन गर्नुपर्ने व्यवस्था छ । ऐनको व्यापकता सकारात्मक पक्ष भए पनि सूचनाको हक स्थापित गर्न सचेतना फैलाउनेदेखि शिक्षण, प्रशिक्षण र वकालत गर्नुपर्ने निकायहरूसमेत ऐनको दायराभित्र परेको हुँदा ऐनको कार्यान्वयनका पक्षमा प्रतिकूल प्रभाव पर्नु स्वाभाविक थियो ।

यस्ता प्रतिकूल परिस्थितिहरू हुँदाहुँदै पनि नेपालमा सूचनाको हकसम्बन्धी ऐन जसरी लागु भयो त्यसलाई उल्लेखनीय मान्नुपर्छ । सूचना माग्ने र पाउनेको संख्या सीमित भए पनि राष्ट्रिय सूचना आयोगमा परेका पुनरावेदनहरूमाथि भएका फैसलाले धेरै क्षेत्र र विषय समेटेका छन् । आयोगका निर्णय र आदेशहरूले संविधानसभा, अदालत, न्यायपरिषद्, अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक निकाय र सेना, प्रहरी आदि सुरक्षा निकायलाई समेटेका छन् । यसरी मागिएको सूचनाको विविधता, सूचना दिने निकायहरूको विविधता र आयोगका निर्णयहरूको गुणस्तरीयतालाई हेर्दा नेपालमा सूचना अधिकारको कार्यान्वयनको थालनी सन्तोषजनक रूपमा भएको मान्न सकिन्छ ।

## सन्दर्भ सामग्री

राष्ट्रिय सूचना आयोग । २०६७ । *राष्ट्रिय सूचना आयोग प्रतिवेदन २०६६/२०६७* । काठमाडौँ : राष्ट्रिय सूचना आयोग ।

राष्ट्रिय सूचना आयोग । २०६८ । *राष्ट्रिय सूचना आयोग प्रतिवेदन २०६७/२०६८* । काठमाडौँ : राष्ट्रिय सूचना आयोग ।

Article 19. 2004. *Freedom of Information Training Manual for Public Officials*. London: ARTICLE 19, Global Campaign for Free Expression.

Sarkaria, R.S. 1991. *Freedom of Information and Official Secrecy*. Bhopal: Makhanlal Chaturvedi Rastriya Patrakarita Vishwavidyalaya.